

## नेपालमा महिला सशक्तीकरण उपलब्धि र चुनौतीहरू

राधिका ओझा
radhikaojha323@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६१ ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)
४ डा. साहिद अलि (MDS- Maxillofacial Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।



❑ वर्ष-२१ ❑ अंक - ९५ ❑ २०८२ चैत्र १८ गते बुधबार ❑ Wednesday, 01 Apr. 2026 ❑ मूल्य ७ /-


### सभापति-प्रधानमन्त्री सहकार्य

# सत्तामा बालेन, राजनीतिमा लामिछाने

✍ खगेन्द्र कार्की

दमक/ अहिले रास्वपाको सुविधाजनक बहुमतको सरकार छ । सामान्यतया पार्टी प्रमुखनै संसदीय दलको नेता हुँदै प्रधानमन्त्री बन्ने अभ्यास थियो । तर यस पटक त्यस्तो छैन । चुनाव अघिनै वालेन्द्र शाहलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेद्वार घोषणा गरेको थियो । निर्वाचन जिते पछि रवि-बालेनको सहमति अनुसारनै सरकार गठन भएको छ ।

रास्वपा पार्टी प्रमुख रवि लामिछाने र वरिष्ठ नेता समेत रहेका वालेन्द्र शाह प्रधानमन्त्री विचको राजनीतिक सहकार्यले राज्य सञ्चालन र राजनीतिक क्रियाशिलता अघि बढेको छ । प्रधानमन्त्री सांसद तथा सत्ता सञ्चालनका सरोकारवालाहरूसँग संवादमा जुटेका छन् । यता राजनीतिक नेतृत्व लिएका पार्टी सभापति लामिछाने राजनीतिक दलहरूसँगको संवादमा छन् । यसले पार्टी र सरकार दुवैलाई बलियो बनाउने देखिएको छ ।

पार्टी सभापति र प्रधानमन्त्रीबीच देखिएको राजनीतिक सहकार्यले राज्य सञ्चालनमा नयाँ ऊर्जा थपिएको छ । पछिल्लो समय प्रधानमन्त्रीले सांसद, सत्ता साझेदार तथा सरोकारवालासँग निरन्तर संवाद बढाउँदै लगेका छन् भने अर्कोतर्फ पार्टी नेतृत्व सम्हालेका लामिछाने राजनीतिक दलहरूसँग सहकार्य र समझदारीको वातावरण बनाउन सक्रिय देखिएका छन् । यो समन्वयात्मक अभ्यासले सरकार र पार्टीबीच सन्तुलन कायम गर्ने संकेत दिएको छ । सरकार सञ्चालनका कामहरु प्रभावकारी बनाउन नीतिगत स्पष्टता र साझा दृष्टिकोण आवश्यक हुन्छ, जुन संवादमार्फत सम्भव हुन्छ । यही कारणले प्रधानमन्त्रीको सक्रियता शासन प्रणालीलाई चलायमान बनाउन महत्वपूर्ण देखिएको छ । त्यस्तै, पार्टी नेतृत्वले विभिन्न राजनीतिक शक्तिहरूसँग विश्वासको वातावरण निर्माण गर्नु दीर्घकालीन स्थायित्वका लागि सकारात्मक पक्ष हो । यद्यपि, यस्तो सहकार्य दीर्घकालीन रूपमा प्रभावकारी बन्न निरन्तरता अपरिहार्य छ । राजनीतिक नेतृत्वमा रहने व्यक्तिहरूले सत्ताको मोहभन्दा माथि उठेर संस्थागत सोचलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । सत्तामा रहेका व्यक्तिहरूले पार्टीगत राजनीतिमा अनावश्यक हस्तक्षेप नगर्ने र पार्टी नेतृत्वले पनि शासन सञ्चालनमा असन्तुलन सिर्जना नगर्ने हो भने दुवै मोर्चा सुदृढ बन्न सक्छन् । नेपालको राजनीतिक अभ्यासमा प्रायः देखिने अस्थिरता र अविश्वासलाई चिर्न यस्ता सहकार्यको संस्कृति अत्यन्त महत्वपूर्ण मानिन्छ । यदि संवाद, सहकार्य र पारदर्शितालाई निरन्तरता दिन सकियो भने सरकार र पार्टीबीचको सम्बन्ध मात्र सुदृढ हुने छैन, समग्र राजनीतिक प्रणालीप्रति जनविश्वास पनि बढ्ने अपेक्षा गर्न सकिन्छ ।



राजनीतिक संवादमा सभापति

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने राजनीतिक दलका नेताहरूसँग संवाद् थालेका छन् । यसै क्रममा उनले मंगलबार बिहान लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का अध्यक्ष महन्थ ठाकुर र आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहसँग छुट्टाछुट्टै भेटघाट गरे । रास्वपा सभापति लामिछानेलाई भेट्न लोसपाका अध्यक्ष ठाकुर उनकै निवास बूढानीलकण्ठ पुगेका थिए । भेटमा वर्तमान राजनीति, मधेशको विकास र प्राथमिकता दिनुपर्ने योजनालगायत विषयमा कुराकानी सभापति लामिछानेको सचिवालयले जनाएको छ ।

पछिल्लो जनादेशअनुसार समग्र विकासका निम्ति सहकार्य गरेर अघि बढ्ने कुरामा दुबै पक्ष एकमत भएका छन् । आजपा अध्यक्ष साहसँगको भेटमा पनि सभापति लामिछानेले मधेशलाई सरकारले प्राथमिकतामा राखेर काम गर्ने बताए । देश र अझ विशेषगरी मधेशले परिवर्तन चाहेको जनमतबाट स्पष्ट देखिएकाले यसलाई आत्मसात् गरि पारस्परिक सहयोगमार्फत अघि बढ्ने विषयमा दुवैपक्ष सहमत

बाँकी ४ पेजमा ▸▸

### दमक नपाको शिक्षा परिषद बैठक

# शिक्षामा अढाई करोड बजेट

◆ सुधारका नयाँ योजना ◆ स्थानीय पाठ्यक्रमका विषयमा सहजीकरण



✍ पूर्वसन्देश समाचार

दमक । विषम परिस्थितिमा पनि गुणस्तरीय शिक्षाका लागि विद्यालय सुधारमा लागि परेको दमक नगरपालिकाले नगर विद्यालय शिक्षा परिषद बैठक सम्पन्न गरेको छ ।

दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा आयोजित सो बैठकमा २०७९-०८० देखि हालसम्म गरेका प्रगतिको समिक्षा र भावी रणनीतिका विषयमा छलफल सहित पुनः विद्यालय सुधारका लागि आवश्यकीय कार्ययोजना तयार पारी प्रतिवेदन बुझाउन नगरप्रमुख रामकुमार थापाको संयोजकत्वमा ९ सदस्यीय समिति समेत गठन गरेको छ ।

सो समितिको सदस्यहरूमा रेगिना भट्टराई प्रसाई (उपप्रमुख), कुवेर भट्टराई (शिक्षा समिति संयोजक), प्रविण खड्का (शिक्षा शाखा प्रमुख), जयबहादुर श्रेष्ठ, डिल्ली भट्टराई, टेकनाथ भण्डारी, रमेश गुरागाई र सिताराम ढकाल रहेका छन् । सो समितिले १५ दिनभित्र प्रतिवेदन बुझाउने र आवश्यक बजेटको व्यवस्थापनबाट कार्यक्रम अगाडि बढाइने नगरप्रमुख थापाले बताए । थापाले तीन वर्षमा धेरै सुधारका कार्यक्रम भएको र अबको एक वर्षलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको औंल्याए । भदौ २३(२४ को अकल्पनीय आन्दोलन नभएको भए अझै धेरै शिक्षा क्षेत्रका काम गर्ने योजना रहेको पनि सुनाए । थापाले उक्त विषम परिस्थितिका बाबजुद शिक्षाका लागि पहिलो प्राथमिकतामा राखेर काम भईरहेको सुनाए ।

बाँकी ४ पेजमा ▸▸

# बर्डफ्लुले पूर्वी नेपालको पोल्ट्री व्यवसाय संकटमा

झापा । कोशी प्रदेशका विभिन्न जिल्लामा देखिएको बर्डफ्लु संक्रमणका कारण पूर्वी नेपालको पोल्ट्री व्यवसाय धरासायी बन्ने अवस्थामा पुगेको छ । मोरङ, सुनसरी र झापामा संक्रमण पुष्टि भएपछि कुखुराको उत्पादन र बिक्री दुवै ह्वात्तै घटेको छ, जसले गर्दा अर्बौंको लगानी गरेका किसान र व्यवसायी गम्भीर आर्थिक संकटमा परेका छन् ।

पशुपन्छी महाशाखाको तथ्यांकअनुसार चैत ३ गतेदेखि सुरू भएको संक्रमण हालसम्म तीन जिल्लाका १६ वटा व्यावसायिक फार्ममा फैलिसकेको छ । महाशाखा प्रमुख दीपा दिवालीका अनुसार चैत १२ गतेसम्म मोरङमा ६, सुनसरीमा ८ र झापामा २ वटा फार्मका ६६ हजार ३२ वटा कुखुरा नष्ट गरिएको छ । जसमा ६४ हजार ८९७ लेयर्स र १ हजार १३५ वटा बोइलर कुखुरा रहेका छन् । संक्रमणका कारण बजारमा कुखुराको मासुको माग ह्वात्तै घटेको छ । विराटनगर-११ पिचरास्थित 'न्यू क्वालिटी फ्रेस हाउस' का सञ्चालक सन्तोष भुजेलले बर्डफ्लुको हल्लाले व्यापार ठप्प प्रायः भएको बताए । "केही साताअघिसम्म दैनिक ८० किलोसम्म मासु बिक्री हुन्थ्यो, अहिले दिनभरिमा ५ किलो बेच्न पनि धौ-धौ छ," भुजेलले भने, "पसलको भाडा उठाउन समेत नसक्ने अवस्था भएपछि अब विकल्प खोज्ने सोचमा छु ।"

यतिबेला अधिकांश उपभोग्य वस्तुको मूल्य बढेको छ तर कुखुराको मासुको भाउ बजारमा घटिरहेको छ । उत्पादन

बाँकी ४ पेजमा ▸▸

# सुनको भाउ फेरि उकालो

दमक/ सुनचाँदीको भाउ फेरि उकालो लागेको छ । एक सातामा सुनको भाउ प्रतितोला १६ हजार ३ सय रूपैयाँ बढेको छ ।

गत मंगलबार नेपाली बजारमा सुनको भाउ प्रतितोला २ लाख ७३ हजार ९ सय रूपैयाँमा कारोबार भएकोमा मंगलबार २ लाख ९० हजार २ सय रूपैयाँ पुगेको छ । अघिल्लो दिनको तुलनामा सुनको भाउ प्रतितोला ६ हजार ७०० रूपैयाँ बढेको हो । त्यस्तै चाँदीको मूल्य मंगलबार तोलामा १४५ रूपैयाँले बढेको छ । महासंघका अनुसार मंगलबार चाँदी प्रतितोला ४ हजार ८४५ रूपैयाँ कायम भएको छ । अघिल्लो दिन प्रतितोला ४ हजार ७०० रूपैयाँमा खरिदबिक्री भएको थियो । एक सातामा चाँदी प्रतितोला ३४० रूपैयाँ बढेको छ ।

## प्रधानन्यायधीश आज देखि अवकास



काठमाडौं/ प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत आज (बुधबार) देखि अनिवार्य अवकाश हुँदैछन् । कानुन व्यवसायी पृष्ठभूमिबाट सर्वोच्चको न्यायाधीश हुँदै प्रधान न्यायाधीश बनेका राउत ६५ वर्षे उमेर हदका कारण अवकाशमा जान लागेका हुन् ।

सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार प्रधानन्यायाधीश राउत मंगलबार अदालतमा उपस्थित भई आज अनिवार्य अवकाशमा जान लागेका हुन् । । उनको अवकाशसँगै सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल कायममुकायम प्रधानन्यायाधीशका रूपमा रहनेछिन् । कायम मुकायमको जिम्मेवारी सम्हाल्ने मल्ल पनि कानुन व्यवसायी पृष्ठभूमिकी हुन् ।

# दमक सहकारीको नेतृत्वमा डा. बुढाथोकी सर्वसम्मत



दमक । दमक-६ स्थित दमक सहकारी संस्था लिमिटेडमा नयाँ नेतृत्व चयन भएको छ । संस्थाले संशोधित निर्वाचन कार्यतालिका अनुसार सोमबार उम्मेदवारी मनोनयन फिर्ता लिने समय तोकेको थियो । उक्त समयसीमाभित्र केही उम्मेदवारहरूले आफ्नो मनोनयन फिर्ता लिएपछि आवश्यक संख्यामा मात्र उम्मेदवारी कायम रहन गएको र सोही आधारमा नयाँ

बाँकी ४ पेजमा ▸▸

# गृहमन्त्रीको कुराले प्रहरी मुख्यालय भावुक



दमक । नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालमा आयोजित कार्यक्रममा गृहमन्त्री सुधन गुरूङको अभिव्यक्तिले असामान्य भावुक वातावरण सिर्जना गरेको छ। दिउँसो करिब १ बजे भएको कार्यक्रममा नियमित निरीक्षणभन्दा फरक गरी मन्त्री गुरूङले प्रहरी जीवनका वास्तविक पीडा र चुनौतीबारे खुलेर बोले ।

उनले प्रहरीलाई केवल आदेश पालना गर्ने संरचना नभई स्वाभिमानसहित सेवा दिने संस्था बनाउनुपर्नेमा जोड दिए । "प्रहरी अब लाठी बोक्ने यन्त्र मात्र होइन, संकटमा

बाँकी ४ पेजमा ▸▸




# सम्पादकीय

## संवादले सार्थकता पाउन सकोस्

सुशासन स्थापनामा अग्रसर भएका प्रधानमन्त्री बालेन्द्र शाह आफ्नो नीति, कार्यक्रम र दृष्टिकोण कार्यान्वयनमा अग्रसर देखिएका छन् । उनी आगामी आर्थिक वर्षका लागि निर्माण गरिने बजेटका लागि सांसदहरूको संवादमा पनि अग्रसर भएका छन् । सबैको भावना समेटेर बजेट ल्याउने उनको यो अभिप्राय देखिन्छ । झण्डै दुई तिहाईएको एकल सरकारको नेतृत्व गरि रहेका बेला प्रतिपक्षी निक्कै कमजोर अवस्थामा छ । त्यसैले प्रतिपक्षी मार्फत मुखरीत हुन सक्ने जनताका भावना बुझ्नु पर्ने दायित्व पनि उनीसँग छ । उनले एकल रूपमा सरकार चलाए पनि समग्र दल, सांसद र नागरिकको आवाजलाई संवोधन गर्न जरूरी छ । उनको कामको थालनीबाट पनि यो संकेत त देखिएको छ । तर यो औपचारीकतामा सिमित नहोस् । प्राप्त सुझावहरू कार्यान्वयन हुन सके सवै नागरिकले पनि सरकारमा अपनत्व महसुस् गर्ने छन् ।

यि प्रयासहरूबाट देखिन्छ कि, सुशासन स्थापनाको प्रतिबद्धता सहित नेतृत्वमा आएका प्रधानमन्त्री अहिले आफ्ना नीति, कार्यक्रम र दृष्टिकोणलाई व्यवहारमा उतार्ने प्रयासमा सक्रिय देखिएका छन् । सरकार सञ्चालनको प्रारम्भिक चरणमै उनले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियालाई सहभागीमूलक बनाउन सांसदहरुसँग संवाद सुरू गर्नु सकारात्मक संकेत हो । यसले केवल औपचारिकता पूरा गर्ने भन्दा पनि समग्र देशको आवश्यकता, प्राथमिकता र जनभावनालाई समेट्ने उद्देश्य झल्काउँछ ।

झण्डै दुई तिहाइको बहुमतसहित एकल सरकारको नेतृत्व गरिरहेका अवस्थामा प्रतिपक्ष दलको प्रभाव अपेक्षाकृत कमजोर रहनु स्वाभाविक हो । तर लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्षको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ, किनकि उनीहरु मार्फत जनताका असन्तुष्टि, सुझाव र आवाजहरु सशक्त रुपमा उठ्ने गर्दछन् । यस्तो अवस्थामा प्रधानमन्त्री शाहमाथि प्रत्यक्ष रुपमा नागरिकको भावना बुझ्ने र त्यसलाई नीतिगत तहमा सम्बोधन गर्ने थप जिम्मेवारी आएको छ ।

सांसदहरुसँगको संवादले देशभरका विविध क्षेत्र, वर्ग र समुदायका समस्यालाई उजागर गर्ने अवसर दिन्छ । यदि ती सुझावहरुलाई केवल सुन्ने काममै सीमित नराखी व्यवहारमा कार्यान्वयन गरियो भने सरकारप्रति जनविश्वास थप मजबुत बन्न सक्छ। यसले नागरिकमा 'सरकार हाम्रो हो' भन्ने अपनत्वको भावना विकास गराउँछ, जुन सुशासनको आधारभूत तत्व हो । तर चुनौती यहीँ छ(संवादलाई केवल औपचारिक प्रक्रियामा सीमित नराख्ने । नेपालमा विगतमा पनि यस्ता संवाद, छलफल र सुझाव संकलनका कार्यक्रमहरु भए पनि तीमध्ये धेरै कार्यान्वयनको चरणमा पुग्न सकेनन् । यदि प्रधानमन्त्री शाहले यस पटक प्राप्त सुझावहरुलाई प्राथमिकताका आधारमा वर्गीकरण गरी बजेट र नीतिमा समावेश गर्न सके भने यसले शासन प्रणालीमा नयाँ अभ्यासको सुरूवात गर्नेछ ।

त्यसका साथै, पारदर्शिता, जवाफदेहिता र प्रभावकारी कार्यान्वयनमा जोड दिनु अत्यावश्यक छ । केवल नीति घोषणा गरेर मात्र सुशासन स्थापित हुँदैनह्य त्यसको प्रभाव जनजीवनमा देखिनु पर्छ । विकास आयोजना समयमै सम्पन्न हुनु, सार्वजनिक सेवा सहज र पहुँचयोग्य हुनु, तथा भ्रष्टाचार नियन्त्रणमा ठोस उपलब्धि देखिनु आवश्यक हुन्छ । समग्रमा, प्रधानमन्त्री शाहको प्रारम्भिक पहल सकारात्मक देखिए पनि यसको वास्तविक मूल्याङ्कन कार्यान्वयनबाटै हुनेछ । यदि उनले समावेशी संवादलाई परिणाममुखी बनाउँदै अघि बढे भने, यसले नेपालको शासन प्रणालीमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

# नेपालमा महिला सशक्तीकरण

# उपलब्धि र चुनौतीहरू



राधिका ओझा
radhikaojha323@gmail.com

**नेपालमा महिला सशक्तीकरणको यात्रा पूर्ण अधिकारविहीन अवस्थाबाट सुरू भई आज संविधानद्वारा सुनिश्चित ३३% भन्दा बढी प्रतिनिधित्व र स्थानीय तहमा करिब ४०% सहभागितासम्म पुगेको छ।**

राणा शासनकाल (१९०३-२००७ बी.सं ): राणा शासनकालमा नागरिक अधिकारको अवधारणा लागू भएको थिएन। महिलालाई मतदान, उम्मेदवारी वा कुनै पनि राजनीतिक सहभागिताको अधिकार थिएन, स्थानीय शासन प्रणाली पनि जनप्रतिनिधिमूलक नभएकाले महिलाको सहभागिता शून्य नै रह्यो। सम्पत्ति अधिकार पूर्ण रूपमा पुरूषकेन्द्रित थियो र महिलाहरू पैतृक सम्पत्तिबाट पूर्ण रूपमा वञ्चित थिए। सामाजिक-सांस्कृतिक रूपमा बालविवाह, बहुविवाह, छाउपडी र सतीप्रथा जस्ता कुप्रथाहरू व्यापक थिए। यद्यपि १९७७रूबी.सं. मा चन्द्रशमशेर राणा नेतृत्वमा सतीप्रथा आधिकारिक रूपमा अन्त्य गरियो, जसले महिलाप्रति न्यूनतम कानुनी संरक्षणको मार्ग प्रशस्त गर्‍यो। यस अवधिमा महिलाको क्रान्तिकारी सहभागिता औपचारिक रूपमा संगठित नभए पनि योगमाया न्यौपानेजस्ता अग्रणी व्यक्तित्वहरूले सामाजिक विद्रोहको नेतृत्व गर्दै राणा शासनको अन्यायविरूद्ध आवाज उठाए, जसले भविष्यका लोकतान्त्रिक आन्दोलन र महिला अधिकार संघर्षका लागि चेतनाको बीउ रोप्यो ।

प्रजातन्त्रको सुरूवात (२००७-२०१७ बी.सं.): २००७ बी.सं. को प्रजातान्त्रिक क्रान्तिपछि नेपाली नागरिकले पहिलोपटक राजनीतिक तथा नागरिक अधिकार प्राप्त गरे, जसलाई २०१५ बी.सं. को संविधानले औपचारिक रूपमा सुनिश्चित गर्‍यो। यद्यपि उक्त संविधानले समानताको सिद्धान्तलाई मान्यता दिए पनि महिलाका लागि कुनै निश्चित आरक्षण (०% कोटा) व्यवस्था गरिएको थिएन, जसका कारण उनीहरूको राजनीतिक प्रतिनिधित्व अत्यन्त न्यून रह्यो। २०१५ बी.सं. मा सम्पन्न पहिलो आमनिर्वाचनमा महिलाको प्रतिनिधित्व १% भन्दा कम (केवल १ जना महिला सांसद) रहेको थियो र स्थानीय तहमा पनि सहभागिता नगण्य नै थियो। यस अवधिमा महिलाहरू प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रूपमा सहभागी भई महिला संघ-संस्था तथा नागरिक अभियानमार्फत आफ्ना अधिकारका लागि आवाज उठाउँदै आएका थिए। साथै, द्वारिका देवी ठाकुरानी २०१६ बी.सं. मा नेपालकी पहिलो महिला मन्त्री बन्न सफल भइन्। यद्यपि सम्पत्ति अधिकार लगायतका क्षेत्रमा महिलालाई समान अधिकार सुनिश्चित हुन नसकेको अवस्था थियो, सामाजिक क्षेत्रमा भने शिक्षा र चेतनामा क्रमिक सुधार हुँदै गएको देखिन्छ।

पंचायती व्यवस्था (२०१७-२०४६ बी.सं.): २०१७ बी.सं. मा स्थापना भएको पंचायती व्यवस्थाले नागरिक अधिकारलाई औपचारिक रूपमा निरन्तरता दिएको भए पनि वास्तविक रूपमा राजनीतिक स्वतन्त्रता सीमित गरिएको थियो र महिलाका लागि कुनै संवैधानिक आरक्षण सुनिश्चित गरिएको थिएन। परिणामस्वरूप राष्ट्रिय पञ्चायतमा महिलाको प्रतिनिधित्व करिब १/२% मात्र सीमित रह्यो र स्थानीय पञ्चायत तहमा पनि उनीहरूको सहभागिता न्यून नै रह्यो। केन्द्रीकृत तथा नियन्त्रणमुखी राज्य संरचनाका कारण महिलाको निर्णय प्रक्रियामा प्रभाव अत्यन्त कमजोर थियो। यद्यपि महिलाहरू प्रत्यक्ष रूपमा व्यापक राजनीतिक संगठनमा संलग्न हुन नसके पनि भूमिगत आन्दोलन, विद्यार्थी आन्दोलन तथा लोकतान्त्रिक अधिकारका संघर्षहरूमा सक्रिय सहभागिता जनाइरहेका थिए। यस क्रममा साधना प्रधान, सहाना प्रधान, शैलजा आचार्य र आस्था तामाङ मस्के जस्ता नेतृहरूले राजनीतिक तथा वैचारिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरे। यद्यपि सम्पत्ति अधिकार र आर्थिक समानता सुनिश्चित हुन सकेन, सामाजिक क्षेत्रमा भने शिक्षा र चेतनामा क्रमिक सुधार हुँदै गएको देखिन्छ।

बहुदलीय प्रजातन्त्र (२०४६/२०६३ बी.सं.): २०४७ बी.सं. को संविधानले समानता र मौलिक अधिकार सुनिश्चित गर्दै महिलालाई राजनीतिक सहभागिताको पूर्ण अधिकार दियो, तर संसदमा महिलाका लागि प्रत्यक्ष आरक्षण नभई दलहरूलाई कम्तीमा ५% महिला उम्मेदवार अनिवार्य गर्ने व्यवस्था गरिएको थियो। यसका परिणामस्वरूप संसदमा महिलाको प्रतिनिधित्व ३.४% देखि ५.८% सम्म पुग्यो। स्थानीय निकायमा पनि महिलाको सहभागिता विस्तार गर्ने प्रयास भए, तर प्रतिशत अझै न्यून रह्यो। माओवादी आन्दोलन (२०५२-२०६२ बी.सं.) मा पनि ठूलो संख्यामा महिलाहरु सहभागी भए, साथै २०४७ बी.सं. को जनआन्दोलनमा महिलाहरु अग्रपंक्तिमा सहभागी भए, जसले लोकतन्त्र पुनर्स्थापनामा महत्वपूर्ण भूमिका खेले जसले राजनीतिक चेतना र नेतृत्व क्षमतामा वृद्धि गर्‍यो। कानुनी रूपमा सम्पत्ति अधिकार, समानता र न्यायका मुद्दाहरु उठ्न थाले, तर पूर्ण कार्यान्वयन अझै बाँकी थियो।

संक्रमणकाल र संविधान निर्माण (२०६३-२०७२ बी.सं.): २०५२-२०६२ बी.सं. को माओवादी सशस्त्र आन्दोलनले नेपाली समाजमा राजनीतिक चेतना र सामाजिक समानताको मागलाई बलियो बनायो, जसले महिलाहरूको सक्रिय सहभागितालाई प्रोत्साहित गर्‍यो। त्यसपछि २०६२/२०६३ बी.सं. मा भएको दोस्रो जनआन्दोलनले पञ्चायती तथा एकदलीय नियन्त्रणको अन्त्य गर्दै बहुदलीय लोकतन्त्रलाई सुदृढ बनायो। यस ऐतिहासिक परिवर्तनको क्रममा महिलाहरूले संविधान निर्माण प्रक्रियामा निर्णायक भूमिका निभाए। अन्तरिम संविधानले समावेशी प्रतिनिधित्व सुनिश्चित गरे अनुसार, २०६४ बी.सं. मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा महिलाको सहभागिता करिब ३०( ३३% पुगेको थियो। त्यसपछि २०७० बी.सं. मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनमा पनि महिलाको समावेशी सहभागिता कायम रह्यो र उनीहरूले समानता, समावेशिता, सम्पत्ति अधिकार र सामाजिक न्यायका प्रावधानहरु संविधानमा समावेश गराउन सक्रिय भूमिका निर्वाह गरे। यस अवधिमा महिला नेतृहरूले स्थानीय शासन संरचनामा समावेशी सहभागिताको आधार तयार गरे र सम्पत्ति अधिकार तथा कानुनी सुधारका महत्वपूर्ण पहलहरूलाई सुदृढ बनाइयो।

संघीय लोकतान्त्रिक गणतन्त्र (२०७२-२०८२ बी.सं.): २०७२ बी.सं. को संविधानले महिलाका लागि स्पष्ट संवैधानिक प्रतिनिधित्व सुनिश्चित गर्‍यो(संघीय संसदको प्रतिनिधि सभामा कम्तीमा ३३% महिला, राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा ३ महिला सदस्य, र स्थानीय तहमा प्रमुख-उपप्रमुखमध्ये एक महिला अनिवार्य राखिएको छ। साथै, प्रत्येक वडामा कम्तीमा दुई महिला र एक दलित प्रतिनिधि निर्वाचित हुनु आवश्यक छ, जसले करिब ४०% स्थानीय प्रतिनिधित्व सुनिश्चित गर्‍यो। यसअनुसार २०७४ र २०७८ बी.सं. मा सम्पन्न संघीय निर्वाचनमा प्रतिनिधि सभा र राष्ट्रिय सभामा क्रमशः करिब ३३% र ३५-३७% महिला सहभागी भए भने स्थानीय निर्वाचनमा करिब ४०% महिला सहभागिता सुनिश्चित भयो। यस अवधिमा विद्या देवी भण्डारी राष्ट्रपति, सुसिला कार्की प्रधानन्यायाधीश, र ओनसरी घर्ती मगर सभामुख बन्न सफल भइन्। महिलाहरु मन्त्री, संवैधानिक निकाय प्रमुख, स्थानीय सरकारका उपप्रमुख र सदस्यका रूपमा व्यापक रूपमा सहभागी भए। साथै, सम्पत्ति अधिकारमा पैतृक सम्पत्तिमा समान अधिकार सुनिश्चित भयो र आर्थिक सशक्तीकरणका कार्यक्रमहरु विस्तार भए। यसरी २०७२-२०८२ बी.सं. को अवधि संवैधानिक र संरचनागत रूपमा महिला सशक्तीकरणको सबैभन्दा बलियो चरण बन्यो।

Gen Z आन्दोलनपछिको नयाँ युग - २०८२ बी.सं.): २०८२रूबी.सं. को भाद्र २३( २४ मा भएको न्भलरूश आन्दोलनपछि नेपाली राजनीतिक संरचनामा नयाँ ऊर्जा र समावेशी नेतृत्व स्पष्ट देखियो। फाल्गुन २१ मा सम्पन्न संघीय प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्ष मत अन्तर्गत १४ महिला सांसद विजयी भए भने समानुपातिक प्रणाली मार्फत थप ८२ महिला सांसद निर्वाचित भइ संघीय संसदमा कुल महिला प्रतिनिधित्व करिब ३४(३५% पुगेको छ। राष्ट्रिय सभामा पनि प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिला सदस्य निर्वाचित भएर महिला प्रतिनिधित्व सुनिश्चित भएको छ। यस निर्वाचनले पहिलोपटक लिङ्ग अल्पसंख्यक, दलित र युवा उम्मेदवारहरूलाई संसदमा प्रवेश गर्ने अवसर दिएको छ, जसले समावेशी लोकतान्त्रिक प्रणाली र उत्तरदायित्वमा आधारित नेतृत्वलाई मजबुत बनाएको छ। यस अवधिमा सुसिला कार्की अन्तरिम प्रधानमन्त्रीको रूपमा, सीता बादी मन्त्रीस्तरीय जिम्मेवारीमा, र भूमिका श्रेष्ठ संसदमा प्रवेश गरी नेतृत्वमा विविधता र समावेशी प्रतिनिधित्व सुनिश्चित गरे। सम्पत्ति अधिकार, आर्थिक पहुँच, सामाजिक सुरक्षा र लैङ्गिक न्यायका प्रावधानहरु प्रभावकारी रूपमा कार्यान्वयन हुँदै गएका छन्, जसले राष्ट्रिय नेतृत्व र नीति निर्माण प्रक्रियामा महिलाको भूमिकालाई अझ सशक्त बनाएको छ।

नेपालमा महिला सशक्तीकरणको यात्रा पूर्ण अधिकारविहीन अवस्थाबाट सुरू भई आज संविधानद्वारा सुनिश्चित ३३% भन्दा बढी प्रतिनिधित्व र स्थानीय तहमा करिब ४०% सहभागितासम्म पुगेको छ। विभिन्न क्रान्ति, आन्दोलन र राजनीतिक परिवर्तनहरूमा महिलाहरूको सक्रिय सहभागिता, संवैधानिक अधिकारको विस्तार, सम्पत्ति अधिकारको सुनिश्चितता र सामाजिक सुधारहरूले महिलालाई राज्य सञ्चालनको केन्द्रमा स्थापित गरेको छ, जसले राष्ट्रपतिको पद, प्रधानमन्त्री, मन्त्रीपरिषद्, संघीय संसद र स्थानीय सरकारसम्मको महिलाको उल्लेखनीय उपस्थिति सुनिश्चित गरेको छ। संविधानले समानता, समावेशिता, सम्पत्ति अधिकार, राजनीतिक सहभागिता र सामाजिक न्यायका स्पष्ट प्रावधानहरु स्थापित गरे पनि समाजमा बलात्कार, घरेलु हिंसा, सामाजिक उत्पीडन र लैङ्गिक विभेद अझै व्यापक छन्। राजनीतिक संरचनामा महिलाहरु प्रायः "उप-प्रमुख" वा सहायक भूमिकामा सीमित रहँदा निर्णय प्रक्रियामा उनीहरूको वास्तविक शक्ति कमजोर छ, र कानुन तथा संवैधानिक अधिकारहरु व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन नसक्दा न्याय पाउन चुनौतीपूर्ण छ। यसले देखाउँछ कि महिला सशक्तीकरण क्रमिक रूपमा प्रगतिशील भए पनि अझै पूर्ण रूपमा सन्तोषजनक छैन। त्यसैले महिलाहरूले आर्थिक रूपमा आत्मनिर्भर बन्न, सीप र क्षमता विकास गर्न, सामाजिक(सांस्कृतिक बन्धनहरु तोड्न र राजनीतिक निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी हुन निरन्तर संघर्ष गर्नुपर्ने आवश्यकता छ, जबकि राज्य, समाज र संस्थाहरूले कानुनको प्रभावकारी कार्यान्वयन, समान अवसरको सुनिश्चितता र लैङ्गिक न्याय स्थापनाका लागि ठोस कदम चाल्नुपर्छ। अन्ततः, महिला सशक्तीकरण निरन्तर संघर्ष, सचेतना, नीति सुधार र सामाजिक रूपान्तरणमार्फत मात्र सम्भव छ; नेपालमा महिलाहरूले हासिल गरेका उपलब्धिहरु प्रेरणादायी भए पनि वास्तविक समानता र न्याय सुनिश्चित गर्न अझै लामो यात्रा बाँकी छ ।

### पत्रकार महासंघको ७१ औं स्थापना

## झापाका ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्ति वितरण

भद्रपुर । नेपाल पत्रकार महासंघ ७१ औ स्थापना दिवसको सन्दर्भमा महासंघ झापाले पत्रकारिता शुद्धीकरण र सुदृढीकरण सम्बन्धि ९ बुदे प्रतिवद्धा मुलक वाचा पत्र जारी गर्दै सम्पन्न भएको छ । झापाको काकडभिट्टामा सोमबार आयोजनामा सम्पन्न कार्यक्रममा पत्रकारिता शुद्धीकरण र सुदृढीकरण समिति संयोजक मोहन काजी न्यौपानेले स्वस्चछता मर्यादित र दल विहिन स्वतन्त्र पत्रकारिता सहितको विभिन्न ९ बुंदा समेटिएको पत्रकार आचारसंहिता सहितको सुदृढीकरण पत्र वाचन गर्नु भएको थियो । उक्त प्रतिबद्धता पत्र माथि सहभागी पत्रकारहरूले आआफ्नो सुझाव राख्दै महासंघ झापाले शुद्धता र सुदृढीकरण का विषयमा अनुगमन गर्दै कार्यान्वयन गर्दै जानू पर्नेमा जोड दिए ।

कार्यक्रममा ६५ वर्ष माथिका जेष्ठ पत्रकार सदस्य क्रमशः चिन्तामणी दाहाल, गोविन्द चन्द क्षेत्री, गन्ज बहादुर दाहन, 




चन्द्र भण्डारी, गोपाल गिरी, केशव आचार्य, लक्ष्मी लुईटेल लगायतका १३ जना पत्रकार लाई जनही १५ हजारका दरले पत्रकार वृतिकोष मार्फत नगद प्रदान गरिएको थियो । महासंघ कोशी प्रदेश अध्यक्ष भरत खड्काले कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै अध्यक्ष एकराज गिरीले झापाको पत्रकारितामा शुद्धता र सुदृढीकरण गर्न थप आवश्यक रहेको भन्दै निशपक्ष पत्रकारिता आजको आवश्यकता रहेको वताए । गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमा संयोजक मुक्ति पौड्याले स्वागत र सचिव राजु पाठकले संचालन गरेको कार्यक्रममा प्रमुख अतिथि खड्का, महासंघ कोशी प्रदेश उपाध्यक्ष अम्बिका भण्डारी, महासंघ पुर्व महासचिव चन्द्र भण्डारी लगायतले मन्तव्य राखेका थिए । गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव राजु पाठकले गरेका थिए ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।



Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

# नागबेली बाटो हेर्दै रमाउँदै पर्यटक



भोजपुर/ भोजपुर सदरमुकामबाट कोटडाँडा हुँदै पिखुवा खोला किनारको बेहेरे दोभानसम्म झर्ने नागबेली आकारको सडक यतिबेला आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ । हरियालीले ढाकिएको पहाडको काखैभरि सर्प बाङ्गोटिङ्गो रूपमा तल झर्दै गएको यो सडकको दृश्यले जो कोहीलाई पनि सहजै आकर्षित गर्ने गर्दछ ।

भोजपुर नगरपालिका(१२ मा पर्ने यो सडक करिब १३ किलोमिटर लामो रहेको छ । उकालो( ओरालोमा दर्जनौं घुम्ती पार गर्दै निर्माण गरिएको यो मार्गले दुर्गम बस्तीलाई सदरमुकामसँग जोड्नुका साथै यहाँको जनजीवनमा ठूलो परिवर्तन ल्याएको स्थानीय बताउँछन् ।

पहिले घण्टौं पैदल हिँड्नुपर्ने ठाउँमा अहिले सवारीसाधन पुग्न थालेपछि स्थानीयवासीको दैनिकी सहज बनेको छ । यो सडक भोजपुरलाई दक्षिणी क्षेत्रसँग जोडेको छ । यस सडकको सबैभन्दा विशेषता भनेकै यसको नागबेली आकृति हो । माथिबाट हेर्दा लामो सर्पजस्तै घुमाउरो देखिने यो सडक दृश्यले फोटोग्राफी तथा भिडियो खिच्न रूचाउनेका लागि आकर्षणको केन्द्र बनेको छ । पछिल्लो समय सामाजिक सञ्जालमा यस्ता तस्बिर तथा भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यहाँ घुम्न आउने आन्तरिक पर्यटकको सत्त्यासमेत बढेको स्थानीयको भनाइ छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्र वरिपरि फैलिएको हरियाली वन, डाँडाकाँडा र तल बगिरहेको पिखुवा खोलाको मनोरम दृश्यले यात्रालाई अझ रमणीय बनाउने गर्दछ । बिहानको कुहिरो र साँझपखको सुनौलो घामले सडकलाई झन आकर्षक बनाउने भएकाले यहाँ पुग्ने पर्यटकले समय मिलाएर दृश्यावलोकन गर्ने गरेका छन् ।

स्थानीयका अनुसार यो सडकले कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहजता ल्याएको छ । आलु, मकै, अदुवा, फलफूललगायत कृषिउपज ढुवानीमा सहज भएपछि किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । साथै, सडक सञ्चालनमा आएपछि यहाँको व्यापार( व्यवसाय पनि विस्तार हुन थालेको छ ।

सडक छेउमा विश्रामस्थल, दृश्यावलोकन स्थल ( भ्यू प्वाइन्ट) निर्माण, सूचना बोर्ड जडान गरिएमा यात्रु तथा पर्यटकलाई सहजता हुने स्थानीयको भनाइ छ । आवश्यक पूर्वाधार विकास र प्रभावकारी प्रचार गर्न सकिएमा भोजपुर(बेहेरे सडक केबल यातायात मार्गमा सीमित नरही प्राकृतिक सौन्दर्य अवलोकनका लागि देशकै एक आकर्षक गन्तव्यका रूपमा स्थापित हुनसक्ने स्थानीय जानकारहरूले बताउने गरेका छन् ।

# वौद्धधाममा बुद्धप्रतिमा र पार्क



ईलाम/ इलामको सूर्योदय नगरपालिका(३, बौद्धधाममा बुद्धको प्रतिमा सहितको बुद्धपार्क निर्माण गरिएको छ ।

कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाको लगानीमा निर्माण भएको ६५ फिट अग्लो बुद्धको प्रतिमा सहितको यो पार्क केहि दिनमा सञ्चालनमा आउने भएको छ ।

उद्घाटनका दिन दिन बुर्ध धर्म गुरू खेन्छेन नाम्डोल छिरिङ रिम्पोछे सहितका धर्म गुरूबाट बिहान ६ बजेदेखि १२ बजे सम्म प्राण प्रतिष्ठान गरी उक्त स्थानको उद्घाटन गरिने प्रतिष्ठानका सदस्य सोनाम यल्मोले जानकारी दिए । सो पार्क भारतीको पर्यटकीय सहर दार्जिलिङ आउने पर्यटकको पहिलो गन्तव्य बन्ने गरेको छ । नेपाल भारत सीमा क्षेत्र पशुपतिनगरबाट २ किलोमिटरको दूरीमा रहेको बौद्धधाममा अहिले भारतीय पर्यटकको आकर्षणको केन्द्र बनेको स्थानीय पर्यटन व्यवसायी विमल देवानले जानकारी दिए । बुद्धपार्क निर्माणको थालनी मेची पर्यटन प्रवर्धन विकास समितिको बजेटबाट आर्थिक वर्ष २०७२( ०७३ मा भएको थियो । क्रमागत रूपमा सञ्चालन हुँदै आएको आयोजना देश सङ्घीय संरचनामा गएपछि कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाले निर्माण गरेको थियो ।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ बाट बजेट विनियोजन गर्दै आएको थियो । सूर्योदय नगरपालिकाले प्रदेशको बजेटमा ३० प्रतिशत थप गरी पार्क निर्माण गरेको सूर्योदय नगरपालिकाका कार्यवाहक नगर प्रमुख दुर्गाकुमार बरालले जानकारी दिए । उनले पार्क सञ्चलनमा आएपछि नेपाल , भारत र तेस्रो देशका पर्यटकको आकर्षणको केन्द्र बन्ने विश्वास व्यक्त गरेका छन् ।

बुद्धपार्क निर्माणमा कोशी प्रदेश सरकार, मेची पहाडी पर्यटन विकास समिति र सूर्योदय नगरपालिका गरी आठ करोड रूपियाँ खर्च भएको जनाइएको छ । उक्त पार्कसँगै स्थानीय पर्यटन व्यवसायीले समेत अन्य पर्यटकीय संरचना निर्माण गरेका छन् ।

# अमेरिकी अवार्डका लागि सिफारिस "आँखा"

दमक । जौन योञ्जनद्वारा निर्देशित नेपाली फिल्म 'आँखा' संयुक्त राज्य अमेरिकामा आयोजना हुने वर्ल्ड फेस्ट(ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभलको 'रेमी अवार्ड' का लागि मनोनीत भएको छ । विश्वभरका फिल्म निर्माता र सिर्जनाहरूलाई एकै ठाउँमा ल्याउने यो महोत्सव आगामी अप्रिल २४ देखि मे ३, २०२६ सम्म अमेरिकाको टेक्सासस्थित ह्युस्टनमा आयोजना हुँदैछ ।

यसअघि फिल्मले ६२औँ संस्करणको एसिया प्यासिफिक फिल्म फेस्टिभलमा 'उत्कृष्ट फिल्म' को उपाधि जितेर ऐतिहासिक सफलता हासिल गरेको थियो । उक्त महोत्सवको सर्वोच्च सम्मान प्राप्त गर्ने यो पहिलो नेपाली फिल्म भएको छ ।सन् १९६१ मा स्थापना भएको ह्युस्टन इन्टरनेसनल फिल्म फेस्टिभल विश्वकै सबैभन्दा पुरानो स्वतन्त्र चलचित्र महोत्सवमध्ये एक मानिन्छ । यो महोत्सव उदाउँदा चलचित्र निर्माताहरूलाई पहिचान दिलाउनका लागि प्रसिद्ध छ । स्टिभन स्पिलबर्ग, जर्ज लुकास, डेभिड लिन्च र आङ ली जस्ता दिग्गज हलिउड निर्देशकहरूले पनि आफ्नो करियरको सुरूवातमा यही महोत्सवबाट रेमी अवार्ड प्राप्त गरेका थिए ।

सामाजिक सञ्जाल

# प्रधानमन्त्रीसँगको छलफलमा सांसद चौधरी राखेका प्रस्तावहरू



सुनसरी क्षेत्र न. ३ का सांसद अशोक कुमार चौधरीले प्रदेशगत छलफलका क्रममा राखेका प्रस्तावहरू ।

**१. स्वास्थ्य सेवा सुधार**

इटहरी र दुहबी नगर अस्पताल, साथै गढी र बर्जु गाउँपालिकाका प्राथमिक स्वास्थ्य केन्द्रहरूको तत्काल स्तरोन्नति गर्नुपर्ने तथा त्यहाँ विशेषज्ञ चिकित्सक र :म्न्ए डाक्टर पठाउनुपर्ने विषयमा ध्यानाकर्षण गराइयो।

**२. खानेपानी समस्या**

दुहबी, बर्जु र गढी क्षेत्रमा देखिएको खानेपानीको गम्भीर समस्या बारे जानकारी गराउँदै दीर्घकालीन समाधानको आवश्यकता औंल्याइयो।

**३. सामुदायिक विद्यालय सुधार**

सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार तथा विद्यालय व्यवस्थापन समिति गठनका क्रममा भइरहेको राजनीतिक खिचातानी अन्त्य गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराइयो।

**४. कृषि र किसानका समस्या**

किसानहरूले भोगिरहेका मल, बीउबिजन र सिँचाइको समस्या, साथै उखु किसानका लागि न्यूनतम समर्थन मूल्य र बजार सुनिश्चितता आवश्यक रहेको विषय उठाइयो।

**५. सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या**

सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको स्थायी व्यवस्थापन र समाधान का लागि आवश्यक पहल गर्न अनुरोध गरियो।

**६. बर्जु तालको संरक्षण र पर्यटन विकास**

कोशी प्रदेशको ठूलो सम्भावना बोकेको १५२ बिघा क्षेत्रफलमा फैलिएको बर्जु काललाई ओझेलबाट बाहिर ल्याई, यसको संरक्षण, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धनमार्फत आर्थिक केन्द्रका रूपमा विकास गर्नुपर्ने विषयमा विशेष ध्यानाकर्षण गराइयो।

**७. श्रमिक हकहित र श्रम ऐन संशोधन**

दलगत ट्रेड युनियनहरूले श्रमिक र कलकारखानाबाट वार्षिक लेवी तथा विभिन्न शुल्क उठाउँदै आएको सन्दर्भमा, श्रम ऐन २०७४ को दफा ३८(ज) को प्रावधान हटाउन अनुरोध गरियो।

**८. केसिलिया खोलाको डुबान समस्या**

केसिलिया खोलाको डुबानका कारण हरेक वर्ष जनताको घर, खेत र बस्ती प्रभावित हुने भएकाले, दीर्घकालीन समाधानका लागि तटबन्ध निर्माण र प्रभावकारी नियन्त्रण योजना आवश्यक रहेको विषयमा ध्यानाकर्षण गराइयो।

# दुहवीमा फोहर प्रशोधन केन्द्र

ईटहरी/ सुनसरीको दुहबी नगरपालिकामा फोहोर व्यवस्थापनलाई दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्यसहित आधुनिक फोहोर प्रशोधन केन्द्र निर्माण कार्य सुरू गरिएको छ ।

परियोजनाको दुहबी नगरपालिकाका प्रमुख बेदनारायण गच्छदार र भारतीय राजदुतावासका प्रथम सचिव नारायण सिंहले शिलान्यास गरेका हुन् । 'कन्स्ट्रक्सन अफ वेस्ट म्यानेजमेन्ट सेन्टर विथ मटेरियल रिकभरी फ्यासिलिटी एण्ड इक्विपमेन्ट सप्लाई' नाम दिइएको यो परियोजना भारतीय दूतावास र दुहबी नगरपालिकाको सहकार्यमा सञ्चालन हुन लागेको हो । दुहबी(४ मा निर्माण सुरू भएको उक्त केन्द्रमार्फत नगर क्षेत्रमा बढ्दो फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाउने लक्ष्य लिइएको छ । परियोजनाको काम आगामी २ वर्षभित्र सम्मपन्न गर्ने लक्ष्य राखिएको छ ।


सिद्धार्थ दर्शन(चुरिया जेभीले ठेक्का पाएको उक्त योजनाको कुल लागत करिब १८ करोड ३५ लाख ६८ हजार रूपैयाँ रहेको प्रमुख प्रशासकीय अधिकृत सुवर्ण घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार यो केन्द्र निर्माण भएपछि फोहोरको वर्गीकरण, पुनःप्रयोग (रिसाइक्लिङ) र सुरक्षित व्यवस्थापनमा सहजता आउनेछ । यसले वातावरण संरक्षणसागै नगरको सरसफाइमा पनि महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसअघि गत कात्तिकमा फोहोर प्रशोधन केन्द्रलाई आधुनिक र व्यवस्थित रूपले सञ्चालन गर्न भारत सरकारद्वारा १८ करोड ३५ लाख ६८ हजार रूपैयाँ लगानीका लागि सम्झौता भएको थियो । सो लगानी सम्बन्धी त्रिपक्षीय सम्झौतामा नेपाल सरकारको अर्थ मन्त्रालय, भारतीय राजदूतावास र दुहबी नगरपालिकाका नगरप्रमुख गच्छादार सहभागी थिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# नेपालमा अमूर्त संस्कृतिको संरक्षण र दायित्व



' डा. प्रेम खत्री




गतांकबाट.....

## संस्कृति संरक्षणको चासो

नेपालको मौलिक संस्कृतिले नेपालको विशिष्ट पहिचान बोकेकोले यसको अस्तित्व र विकासमा कतैबाट कुने प्रकारको व्यवधान, अवरोध आउनु हुन्न भन्ने चासो चिन्ता अहिले निकै सशक्त ढंगले व्यक्त भएको पाइन्छ । यस्तो चासो चिन्ता देखिने मुख्य पक्ष यी हुन् ।

जनस्तरमा व्याप्त चासो

परम्परागत धर्म, रीति रिवाज, परम्परा, आस्थालाई यथावत थामेर बसेको यो पक्ष परम्परावादी भएकोले आˆना अनुभव, व्यवहारहरूमा शीघ्र र अप्रत्यासित परिवर्तनलाई अझै पचाउन, आत्मसात गर्न सहज मान्दैन । परिवर्तनका बलिया लहरलाई आˆनो अस्तित्वसित गाँसेर हेर्ने प्रवृत्तिका कारण संस्कृति यथावत रहेको हेर्ने बानी परिनसकेको अवस्था पनि छ । तर अहिले शिक्षा, आम सञ्चार, बाह्य सम्पर्क तथा अन्य परिवर्तनकारी प्रवाहहरूको प्रभावको कारण जनस्तरमा अहिले संस्कृतिमा शुद्धिकरण तथा परिवर्तनको संरक्षण र सम्बर्द्धनमा चासो बढ्दै गएको पाइन्छ ।

बुद्धिजीवि वर्गमा व्याप्त चासो

राष्ट्र, राष्ट्रियता र राष्ट्रिय संस्कृतिको संरक्षण, प्रवर्द्धनमा चासो राख्ने देशको प्रवुद्धवर्गमा साँस्कृतिक विचलन अग्राह्य र चिन्ताको विषय हुनु स्वाभाविक हो । यस वर्गले संस्कृतिको गरिमाबृद्धिको भार पनि बोकेको हुनाले यो चासो पनि आफ्नो ठाउँमा तर्कसंगत र न्यायोचित लाग्छ । यस सन्दर्भमा निम्न प्रश्नहरु महत्त्वका छन् –

१. मुलुकका साक्षरता प्रतिशत बढ्दो छ तर यसबाट संस्कृतिको संरक्षणबारे ज्ञान भएका नागरिकहरूको संख्या भने धेरै ठूलो छैन । यस स्थितिमा हाम्रो जस्तो ज्यादै विविधतापूर्ण संस्कृतिको संरक्षण कसरी हुनसक्छ ?

२. मुलुकमा हाल ८ वटा विश्वविद्यालय सञ्चालित भइरहेका छन् । बौद्ध धर्म र संस्कृतिको उत्थानका लागि लुम्बिनी बौद्ध विश्वविद्यालयको स्थापना भएको छ । महाविद्यालय र उच्च माध्यमिक विद्यालयहरूको सत्त्या पनि निरन्तर बढ्दो रूपमा छ । तर के यी संस्थाहरूले नेपाली समाज र संस्कृतिलाई टेवा पुग्ने शिक्षा दिन सकेका छन् ? किन प्रतिवर्ष इतिहास संस्कृति, कला तथा पुरातत्व विषय पढ्ने विद्यार्थीहरूको सत्त्या घट्दो क्रममा छ ? आˆनो राष्ट्रको संस्कृति जान्न, त्यसलाई बचाउन सरिक हुन र संस्कृतिलाई प्राज्ञिक जीवनको एक अङ्ग बनाउन नयाँ पुस्ताहरूमा यो उदासीनता किन देखिएको छ ? क्रमशः....

जीवनशैली

# कसरी रहने सधैं खुसी ?



दमक । पछिल्लो दशकमा विश्वभर नै डिप्रेसन, एन्जाइटी र तनावका समस्याहरु निकै बढेका छन्। जसका कारण मानिसहरु आफ्नो ज्यान लिने वा अरूको ज्यान लिनेसम्मको स्थितिमा पुग्ने गरेका छन् ।

खुसी हुनुको अर्थ सधैँ हाँसिरहनु मात्र होइन । बाहिर हाँसिरहेका कतिपय अनुहारहरु भित्रभित्रै दुःखले पिल्सिरहेका हुन सक्छन् । यसमा कुनै दुईमत छैन कि दुःख र सुख भनेका एउटै सिक्काका दुई पाटा हुन्, यसबाट भाग्न सकिँदैन । तर, यी परिस्थितिहरूलाई सही तरिकाले व्यवस्थापन गर्नु नै सुखी जीवनको मूलमन्त्र हो ।

आफ्नो मनस्थितिलाई राम्रो बनाउन विभिन्न तरिकाहरु अपनाउन सकिन्छ। हरेक व्यक्ति फरक हुन्छन्, त्यसैले एउटालाई काम गरेको तरिका अर्कोलाई पनि काम गर्छ भन्ने जरूरी छैन। यहाँ केही सहज र वैज्ञानिक आधार भएका तरिकाहरु उल्लेख गरिएका छन्, जसले तपाईंलाई खुसी रहन मद्दत गर्न सक्छन् :

**१. अरुको खुसीमा रमाउन सिक्नुहोस्**

मानिसहरु आफ्नो दुःखले भन्दा अरूको खुसी देखेर बढी दुःखी हुन्छन् भन्ने कुरामा सायदै कसैको दुईमत होला। त्यसैले, तपाईंले गर्नुपर्ने पहिलो काम भनेको अरूको खुसीमा रमाउन आफ्नो मनलाई प्रशिक्षित गर्नु हो। जब हामी कुनै साथीको सफलता वा राम्रो खबर सुन्दा हृदयदेखि नै खुसी हुन्छौं, तब हामी आफैँलाई पनि राम्रो महसुस हुन्छ र आपसी सम्बन्ध अझ बलियो बन्छ।

**२. भौतिक वस्तुभन्दा अनुभवलाई महत्व दिनुहोस्**

महँगा लुगा वा सामानहरु किन्नुको सट्टा राम्रा अनुभवहरु सँगाल्नमा खर्च गर्नुहोस्, जस्तै- साथीहरूसँग समय बिताउने वा नयाँ ठाउँ घुम्न जाने । यसले धेरै खुसी दिन्छ। किनभने, भौतिक सामानहरु समयसँगै पुरानो हुन्छन् वा बिग्रिन्छन्, तर मीठा सम्झनाहरूले तपाईंलाई जीवनभर मुस्कुराउने बहाना दिइरहन्छन् ।

**३. मानिसहरुसँग जोडिनुहोस्**

जो व्यक्तिहरूको सामाजिक सम्बन्ध राम्रो हुन्छ, उनीहरु बढी खुसी रहन्छन् । साथीभाइ, परिवार र वरपरका मानिसहरूसँग कुराकानी गर्ने र समय बिताउने गर्नाले मानसिक तनाव कम हुन्छ र खुसीको स्तर बढ्छ ।

**४. प्रकृतिको नजिक रहनुहोस्**

रूख-बिरूवा र हरियालीको बिचमा समय बिताउँदा मन शान्त हुन्छ । प्रकृतिले हाम्रो दिमागलाई आराम दिन्छ र तनाव कम गर्छ । हरियालीले हाम्रो मस्तिष्कलाई रिसेट गर्ने काम गर्छ । जब तपाईंलाई नराम्रो वा उदास महसुस हुन्छ, तब चारैतिर हरियाली भएको ठाउँमा केही समय बिताउनुहोस्। तपाईंले आफैँलाई हलुका र फ्रेस महसुस गर्न थाल्नुहुनेछ ।

**५. अरुलाई सहयोग गर्नुहोस्**

अरूलाई सहयोग गर्दा हामीलाई पनि भित्री खुसी मिल्छ । यसो गर्दा हाम्रो ध्यान आफ्ना समस्याहरूबाट हट्छ र मस्तिष्कमा ह्याप्पी हर्मोनहरु उत्पादन हुन्छन्, जसले हामीलाई राम्रो महसुस गराउँछ ।

**६. कृतज्ञता व्यक्त गर्नुहोस्**

हामीसँग जे जति छ, त्यसप्रति आभारी महसुस गर्नु निकै महत्त्वपूर्ण छ । यसले हामीलाई जीवनका सकारात्मक र राम्रा पक्षहरूमा ध्यान केन्द्रित गर्न मद्दत गर्छ र हामी बढी खुसी रहन सक्छौं ।




आज मिति
२०८२ साल
चैत्र १८ गते
बुधबार
01 Apr. 2026
तिथि: चर्तुदशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | धर्ममा रुचि । सोचे जस्तो आम्दानी नहुने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | शारीरिक पीडा । आफन्तबाट सहयोग । |
| मिथुन | का कि कु घ ङ छ के को हा | व्यापारबाट लाभ । जीवनसाथीसँग विवाद । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | मावलीको सहयोग । धन लाभ, शत्रु बढ्ने । |
| सिंह | | पठन-पाठनमा समस्या । व्यवहारमा समस्या । |
| कन्या | | यातायातको साधनमा केही समस्या । माताजनमा कष्ट । |
| तुला | हि हु हे हो डा डि डु डे डो | काम गर्ने जाँगर चल्ने । उत्तम भोजन । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | खर्च बढ्ने । अनावश्यक भ्रमण । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आयमा वृद्धि । शत्रुको भय । |
| मकर | भो जा जी खि खू खे खो गा गी | प्रेममा बाधा । आयमा कमी । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक उन्नति । शुभकार्यमा सरिक । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | रोजगारीको अवसर । मित्रबाट सहयोग । |

# कमल गापलाई स्वास्थ्य सामाग्री प्रदान



दमक । कोशी प्रदेश सरकारले झापाको कमल गाउँपालिकालाई करिव १० लाख मूल्यका स्वास्थ्य सामाग्रीहरू उपलव्ध गराएको छ ।

कोशी प्रदेश सरकारमार्फत स्वास्थ्य मन्त्री मानबहादुर लिम्बूले करिब १० लाख रूपैयाँ बराबरका अत्यावश्यक स्वास्थ्य सामग्रीहरू दिएको अध्यक्ष हुकुमसिंह राईले बताए । उनका अनुसार प्राप्त सामग्रीहरूमा अक्सिजन सिलिन्डर (१० लिटर), अक्सिजन कन्सेन्ट्रेटर, नेबुलाइजेसन सेट, ईसीजी मेसिन, अटोक्लेभ मेसिन, बी.पी. सेट, पल्स अक्सिमिटर, पीपीई किट तथा डेलिभरी बेड लगायतका स्वास्थ्य सामग्री तथा उपकरणहरू रहेका छन्।

उक्त सामग्रीहरू कमल नगर अस्पताल, लखनपुर स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइहरूमा वितरण गरिने अध्यक्ष राईले बताए । उनले ती सहयोगी सामाग्रीहरूको उपलब्धताले गाउँमै आधारभूत तथा आवश्यक स्वास्थ्य सेवा अझ सहज रूपमा प्राप्त गर्नेअपेक्षा गरिएको बताए ।

कोशी प्रदेश सरकारको आयोजना तथा कमल गाँपालिकाको व्यवस्थापनमागत फागुनमा कमल नगर अस्पतालमा मोबाइल स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । सोहि अवसरमा स्वास्थ्य मन्त्री लिम्बूले कमल गाउँपालिकाको स्वास्थ्य सेवा तथा कमल नगर अस्पतालको निरीक्षण गरेका थिए । उक्त निरीक्षणकै क्रममा उनले आवश्यक स्वास्थ्य सामग्रीहरू उपलब्ध गराउने प्रतिबद्धता जनाएका र सोहि अनुसार ती सामग्रीहरू प्राप्त भएको अध्यक्ष राईले जनाएका छन् ।

## अन्तर्राष्ट्रिय

# माओवादीमुक्त हिन्दूस्तानको घोषणा

एजेन्सी/ भारत सरकारले यसै महिनाको अन्तिमबाट हिन्दुस्तान माओवादीमुक्त भएको घोषणा गरेको छ । भारतीय गृहमन्त्री अमित शाहले लोकसभामा सम्बोधन गर्दै अब भारत माओवादी नक्सल विद्रोहीबाट मुक्त बनेको घोषणा गरेका हुन् । उनले हतियार बिसाएर आउने कतिपय माओवादी कमाण्डरसँग वार्ता हुने तर अरूलाई सिध्याउने चेतावनी दिए । उनले भारतमा केही बुद्धिजिवीहरु माओवादी हिंसाको पक्षमा रहेको भन्दै गरबिलाई हतियार बोकाएर आफ्नो विचारधारा लाद्न उद्यत रहेको आरोप समेत लगाए । गृहमन्त्री शाहले ३१ मार्चबाट भारत नक्सलमुक्त बनेको बताए । शाहले यसबीचमा ४ हजार ८३९ माओवादीले आत्मसमर्पण गरेको, २२ सयलाई जेल पठाइएको र ७०६ जनालाई सुरक्षा फौजले कारबाही गरेर मारेको आँकडा समेत सुनाए ।

# मध्यपूर्वमा अमेरीकी सेना

एजेन्सी/ मध्यपूर्वमा अहिले ५० हजारभन्दा धेरै अमेरिकी सेना तैनाथ भएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा एक महिनादेखि चलिरहेको युद्धमा अर्को कदम चाल्ने निर्णय गर्दा ५० हजारभन्दा धेरै सैनिक तैनाथ भएका 'द न्यूयोर्क टाइम्स' ले जनाएको छ । यो संख्या सामान्यभन्दा झन्डै १० हजारले धेरै हो । २० वर्षपछि पहिलो पटक मध्यपूर्व क्षेत्रमा ५० हजारभन्दा धेरै अमेरिकी सैनिक तैनाथ भएका खबरमा उल्लेख छ । बीबीसी र न्यूजनेसनका रिपोर्टहरूकाअनुसार झन्डै ३ हजार ५ सय नाविक र मरीनहरु भर्खरै 'यूएसएस त्रिपोली' पानीजहाजमार्फत यस क्षेत्रमा आइपुगेका छन् । 'यूएसएस त्रिपोली' ले मरिन सैनिक, हेलिकोप्टर र एफ(३५बी जस्ता लडाकु विमान बोक्न सक्छ । अमेरिकी सेना बहराइन, कुवेत, कतार र साउदी अरेबियाका प्रमुखसहित कम्तीमा १९ ठाउँमा तैनाथ छन् ।

# संसद् बैठकको तयारी



काठमाडौं/ राष्ट्रपतिबाट संसद बैठक आह्वान गरेसँगै संघीय संसद् सचिवालयले यसको तयारी अघि बढाएको छ । सचिवालयले औपचारीक रूपमा राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को अधिवेशन आह्वान गरेको जानकारी गराएको छ । राष्ट्रपतिले चैत १९ गते बिहीबार दिउँसो २ बजे संघीय सांसदका दुवै सदनको अधिवेशन आह्वान गरेका छन् ।

संसद सचिवालय यस बेला संसद बैठकको तयारीमा जुटेको छ । संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले सूचना जारी गर्दै प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवै सांसदहरूलाई अधिवेशन आह्वान गरेको जानकारी गराउँदै तोकिएको समयमा उपस्थित हुन आग्रह गरेका छन् । सूचनामा राष्ट्रपति पौडेलले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम २०८२ साल चैत १९ गते बिहीबार दिउँसो २ बजे संघीय सांसदका दुवै सदनको अधिवेशन आह्वान गरेको उल्लेख छ । प्रतिनिधि सभाको बैठक निर्माणाधीन संघीय संसद् भवनको स्थानमा रहेको बहुउद्देश्यीय कक्ष र राष्ट्रिय सभाको बैठक सिंहदरबारस्थित राष्ट्रिय सभा कक्षमै बस्ने जनाइएको छ ।

यस्तै संसद् सचिवालयले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूको बैठक आह्वान गरेको छ । सरकारको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले चैत १९ गते सङ्घीय संसद्को अधिवेशन आह्वान गरेपछि त्यसको तयारीका लागि प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलहरूको बैठक बोलाइएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए । संसदमा प्रतिनिधित्व गर्ने दलहरूको बैठक बुधबार दिउँसो १ बजे सिंहदरबारमा रहेको सचिवालयमा बस्नेछ । गएको फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य चुनावबाट निर्वाचित सांसदहरूको पहिलो अधिवेशन राष्ट्रपति पौडेलले १९ गते दिउँसो २ बजे आह्वान गरि सकेका छन् बैठकले सभामुख र उपसभामुखको चयन प्रक्रिया अगाडि बढाउने छ ।

प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को प्रतिनिधित्व छ । त्यस्तै एक जना निर्वाचित स्वतन्त्र सांसद महावीर पुन रहेका छन् ।

# धानको समर्थन मुल्य सिफारिस

दमक/ कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो ।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजार मूल्य, उत्पादनलागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए ।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए । प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उनले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिए ।

मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र मूल्य सार्वजनिक गरिने जनाइएको छ। धानको चिस्यान मापदण्डसमेत मूल्यांकन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिने छ ।

# झापा कांग्रेसको ध्यानाकर्षण

बिर्तामोड । नेपाली कांग्रेस झापाले दुईसातायता परेको बेमौसमी बर्षाका कारण किसानहरूले लगाएको अन्नबाली, फलफूल र घर-टहरामा पुगेको क्षतिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले आज एक विज्ञप्ति जारी गर्दै ध्यानाकर्षण भएको बताए ।

बेमौसमी बर्षाका कारण मुख्यगरी झापा, बाह्रदशी, कचनकबल, गौरीगञ्ज गाउँपालिका र शिवसताक्षी नगरपालिकामा बढी क्षति पुगेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ-'किसानले लगाएको गहुँबाली उठाउनै नसकेको अवस्था छ भने मकैबालीमा असिना पानीका कारण पूर्ण रूपमा क्षति पुग्दा करोडौ लगानी डुब्ने अवस्था छ ।' 'हावाहुरी र बर्षाका कारण पुगेको क्षति न्यूनीकरणका उपाय अवलम्बन गर्दै हालसम्म भएको क्षतिको मूल्यांकन गरी किसानलाई राहत प्रदान गर्न स्थानीय, प्रदेश र संघीय सरकारसँग जोडदार माग गर्दछ ।'- विज्ञप्तिमा भनिएको छ ।

**सत्ता....**भएका छन् । आजपा अध्यक्ष साहका अनुसार लामिछानेसँग करिब २० मिनेट भेट भएको थियो । यसका अलावा गत भदौ २३ र २४ गते भएको आन्दोलनलाई कसरी हेर्ने, अबको राजनीति कसरी अगाडि बढ्छ भन्ने विषयमा पनि छलफल भएको उनले जानकारी दिए ।

भेटमा सभापति लामिछानेले सरकार सबैको हो र सबैको चाहना अनुसार विकास र समृद्धिका लागि काम गर्ने गरी अगाडि बढ्ने चाहेको पनि बताए । जवाफमा आफूले सरकारले राम्रो गरे समर्थन नराम्रो हुन लागेको अनुभूति भए खबरदारी गर्ने बताएको साहले सुनाए ।

**प्रम-गभर्नर भेट**

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्व पौडेलबिच भेटवार्ता भएको छ । गभर्नर पौडेलले प्रधानमन्त्री शाहसँग मन्त्रालयमा भेट गरेको गभर्नरका स्वकीय सचिव शरण कुमार अधिकारीले जानकारी दिए । तर के के कुरा भयो त्यो चाहिँ थाहा नभएको उनले जनाए । भेटमा प्रधानमन्त्री बालेनले अहिले बैंकिङ क्षेत्रमा देखिएको समस्यादेखि रेमिट्यान्स आप्रवाह र बाह्य क्षेत्र अवस्थाबारे चासो राखेको राष्ट्र बैंक स्रोतले जनाएको छ । त्यस्तै, राष्ट्र बैंकले गर्नुपर्ने काममा भएका अप्ठ्यारा र त्यसमा सरकारले गर्नुपर्ने सहजीकरणको बारेमा समेत बताइएको छ ।

सो क्रममा भेटमा गभर्नर पौडेलले रिक्त डेपुटी गभर्नर नियुक्तिको विषयमा उठाएका थिए । झन्डै एक महिनादेखि डेपुटी गभर्नर रिक्त भएको भन्दै समयमा नियुक्ति गरिदिए काम गर्न सजिलो हुने गभर्नरले बताएका थिए । तर बालेनले भने यो विषयमा उनले खासै चासो नदिएको बताइएको छ । नेपाल राष्ट्र बैंकमा दुईजना डेपुटी गभर्नरको गत चैत २४ गतेदेखि रिक्त छ । राष्ट्र बैंकमा हाल कार्यारत १८ कार्यकारी निर्देशक मध्येबाट दुई जना उक्त पदमा नियुक्त हुन्छन् । यसका लागि ४ जनाको नाम गभर्नरले सिफारिस गर्ने र यसमध्ये दुईजना नियुक्त गर्ने व्यवस्था छ ।

**शिक्षामा...**सोही कार्यक्रममा शिक्षा शाखा प्रमुख प्रविण खड्काले तीन वर्षमा शिक्षाका क्षेत्रमा दमक नगरपालिकाले गरेका कामहरू र भावी कार्यक्रमको विषयमा बताएका थिए ।

उनका अनुसार दमक नगरपालिकाले सञ्चालन गरेको "दमक शिक्षा सुधार कार्यक्रम" प्रभावकारी बन्दै गएको देखियो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेसँगै नगरपालिकाले सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्दै सबै बालबालिकामा समतामूलक पहुँच विस्तार गर्ने उद्देश्यले यो योजना कार्यान्वयनमा ल्याएको बताए ।

आर्थिक वर्ष २०७९/८० देखि सुरू भएको यस कार्यक्रमलाई नगर कार्यपालिकाले २०८० चैत २४ गते औपचारिक रूपमा स्वीकृत गरेको थियो। नगरभित्रका २१ वटै सामुदायिक विद्यालयलाई समेटेर ९ वटा सम्पादन क्षेत्र र ६३ सूचकका आधारमा योजना लागू गरिएको छ। यसले संस्थागत विकास, शिक्षण सिकाइ, भौतिक पूर्वाधार, सूचना प्रविधि, विद्यार्थी सहयोग, मूल्यांकन लगायतका क्षेत्रमा सुधार ल्याउने लक्ष्य राखेको छ ।

कार्यक्रमको मुख्य उद्देश्य आधारभूत तह कक्षा ८ सम्मको शिक्षा निःशुल्क बनाउनु, अंग्रेजी माध्यममा पठनपाठनलाई प्रवर्द्धन गर्नु, विद्यालयलाई प्रविधिमैत्री बनाउनु र शिक्षक तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्नु रहेको छ । साथै स्थानीय पाठ्यक्रम विकास, स्वास्थ्य सेवा व्यवस्था, नियमित अनुगमन तथा विद्यालय व्यवस्थापनमा सुधार पनि प्राथमिकतामा राखिएको छ ।

पहिलो वर्षमा १ करोड रूपैयाँ बजेट विनियोजन गरिएकोमा दोस्रो वर्ष २ करोड र तेस्रो वर्ष २ करोड ५० लाख रूपैयाँ बजेट छुट्याइएको छ । यस अवधिमा शिक्षक व्यवस्थापन, विद्यार्थीका लागि परीक्षा शुल्क तथा टाइ( बेल्ट अनुदान, विद्यालयमा सीसी क्यामेरा जडान, स्मार्ट प्रविधि विस्तार, भौतिक पूर्वाधार निर्माण तथा मर्मतजस्ता कार्यक्रम सञ्चालन भएका छन् ।

हालसम्मको उपलब्धिअन्तर्गत आधारभूत तहसम्मको शिक्षा निःशुल्क भएको, सामुदायिक विद्यालयको गुणस्तरमा सुधार आएको, सूचना प्रविधिको प्रयोग बढेको र विद्यालयहरूको नियमित अनुगमन प्रभावकारी बनेको नगरपालिकाले जनाएको छ। साथै अंग्रेजी माध्यममा पढाइ विस्तार हुनुका साथै शिक्षक तथा कर्मचारीको पारिश्रमिक वृद्धि गरिएको छ ।

चालु आर्थिक वर्ष २०८२/८३ मा पनि २ करोड ५० लाख बजेटसहित कार्यक्रमलाई थप सुदृढ बनाउने योजना छ । शिक्षक व्यवस्थापन, स्वास्थ्य सेवा, पूर्वाधार विकास, आईटी ल्याब स्थापना, पुस्तकालय स्तरोन्नति, अनुसन्धान तथा तालिम कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

नगरपालिकाले यस योजनामार्फत शिक्षा क्षेत्रमा दीर्घकालीन सुधार ल्याई गुणस्तरीय र व्यवहारिक शिक्षाको आधार तयार गर्ने विश्वास व्यक्त गरेको छ ।

सो समिक्षात्मक बैठकमा उपस्थित विगतको समिक्षा गर्दै अझै विद्यालयमा समस्याहरूको भएको सम्बन्धित विद्यालयका प्रधानअध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूले बताएका थिए । उनीहरूले इन्सेन्टीभका कुरा, अनुगमनका कुरा, विजुली, पानी, अतिरिक्त क्रियाकलाप, फोहोर व्यवस्थापन, सरसफाई कर्मचारी, यातायात, विद्यालयको वार्षिक कार्यक्रमलगायतमा सुधारका कुराहरू सम्बन्धित व्यक्तिलाई राखेका थिए ।

स्थानीय पाठ्यक्रमका विषयमा अभिमुखीकरण

सोही कार्यक्रमको पहिलो सत्रमा दमक नगरपालिकाले तयार गर्ने स्थानीय पाठ्यक्रम विषयमा समेत छलफल र सहजीकरण गरिएको थियो । कक्षा १ र २ मा लागेको भएको हाम्रो दमक पुस्तकको समिक्षा र ३ कक्षादेखि ८ कक्षासम्मका लागि पाठ्यक्रम तयारी प्रारम्भिक चरणको छलफल भएको छ । सो पाठ्यक्रमका विषयमा कस्ता कस्ता विषयवस्तु समेट्ने भन्ने सन्दर्भमा छलफल गरिएको थियो । सो कार्यक्रममा अशोक कालाखेती र डिल्लीराम अधिकारीले पाठ्यक्रम लेखनका सैद्धान्तिक आधार सम्बन्धी अभिमुखीकरण दिएका थिए । स्थानीय स्रोत, साधन, उर्जा, उत्पादन, प्रविधि देखि व्यक्ति परिचयको छनौटमा ध्यान दिनुपर्ने सहभागीले औंल्याएका थिए । पाठ्यक्रमसँगै ज्ञान, सीप र रोजगार समेत जोडिनुपर्ने, चेतनाको स्तर बृद्धि गर्नुपर्ने, नैतिक मूल्य र मान्यतामा आधारित विज्ञासँगको सम्बन्धका आधारमा जीवन र विज्ञानलाई सार्थक बनाउने प्रकृतिको पाठ्यक्रम, अभ्यास, मूल्यांकन रहनुपर्ने सहभागीले औंल्याएका छन् ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार स्थानीय तहलाई कक्षा १ देखि ८ सम्म मातृभाषा वा स्थानीय विषय समावेश गरी पाठ्यक्रम लागू गर्ने अधिकार दिएसँगै नगरपालिकाले सोही अनुरूप पाठ्यक्रम निर्माण केही सम्पन्न केही प्रारम्भिक चरणमा रहेको बताएको छ ।

**दमक...**कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित भएको घोषणा गरिएको हो ।

संस्थाद्वारा जारी सूचनाअनुसार संचालक समिति तर्फ डा. नेत्र बहादुर बुढाथोकी अध्यक्षमा निर्वाचित भएका छन् । सहकारीकर्मी डा. बुढाथोकी दमक बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख हुन् । यसैगरी सञ्चालक समिति उपाध्यक्षमा भवकृष्ण खतिवडा निर्विरोध भए । पदम प्रसाद घिमिरे सचिवमा चयन हुँदा सदस्यहरूमा रेनुका ओली, मनि कुमार बुढाथोकी, सुरेन्द्र भण्डारी, अम्बर बहादुर कुमाल, टंक प्रसाद ढुंगाना र सरिता सुब्बा थेवे निर्वाचित भएका छन् ।

त्यस्तै लेखा सुपरीवेक्षण समिति तर्फ जयराज भट्टराई संयोजकमा निर्वाचित भएका छन् भने सदस्यहरूमा संगिता प्रसाई र भिमबाबु भट्टराई चयन भएका छन् । निर्वाचन समितिका संयोजक यज्ञराज गिरीले प्रक्रिया अनुसार उम्मेदवारहरूको अन्तिम सूची कायम भएपछि सबै पदमा आवश्यक संख्यामा मात्रै उम्मेदवारी रहेकाले सर्वसम्मत रुपमा निर्वाचित घोषणा गरिएको जानकारी दिएका छन् । नवनिर्वाचित पदाधिकारीहरूले सहकारीको विकास, पारदर्शिता र सदस्यहितमा केन्द्रित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

**गृहमन्त्री...**नागरिकको साथी बन्नुपर्छ," उनले भने। साथै, आफ्नै दलका मानिसले गल्ती गरे पनि कारबाही गर्न आग्रह गर्दै तल्लो तहका प्रहरीका लागि आफ्नो ढोका सधैँ खुला रहने बताए । कार्यक्रमको सबैभन्दा भावुक क्षण भने प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको सम्बोधनका क्रममा देखियो। संगठनभित्र बढ्दो असन्तुष्टि, जागिर छोड्ने प्रवृत्ति र पेन्सनसम्बन्धी समस्याबारे बोल्दै जाँदा उनको स्वर अवरूद्ध भयो । "मैले मेरो पुलिसलाई टिकाउन सकिनँ....." भन्ने वाक्यसँगै उनी भावुक बनेपछि हल केहीबेर मौन रह्यो ।

त्यसपछि गृहमन्त्री गुरूङ आफैं उठेर ताली बजाउन थाले, जसले वातावरणलाई फेरि जीवित बनायो। उनको संकेतपछि उपस्थित अधिकारीहरूले पनि ताली बजाउँदै समर्थन जनाए। उक्त दृश्यले प्रहरी संगठनभित्रको पीडा र नेतृत्वबीचको सहानुभूति दुवैलाई उजागर गरेको थियो ।

**बर्डफ्लु....**घट्दा मूल्य बढ्ने अर्थशास्त्रको सिद्धान्तले यो क्षेत्रमा काम गरिरहेको छैन । उपभोक्तामा फैलिएको त्रासका कारण बजारमा कुखुराको मासुको मूल्य प्रति(केजी ३६० रूपैयाँमा झरेको छ । तर बजारमा खरिदकर्ता न्यून छन् । धेरैजसो उपभोक्ताले कुखुराको विकल्पमा खसीको मासु वा शाकाहारी परिकार रोज्न थालेका छन् । उपभोक्ताको यही व्यवहारका कारण कतिपय व्यवसायीले कुखुराको मासु बेच्न छाडेर खसीको मासुको व्यापारलाई प्राथमिकता दिन थालेका छन् ।

उत्पादनतर्फ पनि किसानको अवस्था खस्किदै गएको छ । लेयर्स कुखुरापालक संघ मोरङ( सुनसरीका अध्यक्ष होम बास्कोटाका अनुसार बजारमा कुखुराको मासुको माग ५० प्रतिशतले गिरावट आएको छ । बास्कोटा भन्नुहुन्छ, "मोरङ र सुनसरीमा मात्रै ७४ वटा ठूला लेयर्स फार्म छन् । एकातिर कुखुरा नष्ट भइरहेका छन् भने अर्कोतिर उत्पादन भएको मासुले बजार पाएको छैन । ऋण लिएर व्यवसाय गरेका किसानहरु सडकमा पुग्ने अवस्था सिर्जना भएको छ ।"

बर्डफ्लु नियन्त्रणका लागि कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयले 'रैपिड रेस्पोन्स टिम' परिचालन गरी संक्रमित क्षेत्रका कुखुरा नष्ट गर्ने र जैविक सुरक्षामा कडाइ गर्ने कार्य जारी राखेको छ । यद्यपि, संक्रमण पूर्ण रूपमा नियन्त्रणमा नआएकाले पोल्ट्री क्षेत्रको नोक्सानी अझै बढ्ने देखिएको छ । विराटनगरका अधिकांश फ्रेस हाउसहरु अहिले ग्राहक पर्खेर बस्नुपर्ने अवस्थामा छन्, जसले समग्र प्रदेशकै मासुजन्य अर्थतन्त्रमा नकारात्मक असर पारेको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

दमक नगरपालिका
७ नं. वडा कार्यालय, दमक, झापा

प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/१८

दमक नगरपालिका वडा न. ७ को चालु आ.व. २०८२/०८३ मा ड्राइभिङ (लाइट ख श्रेणी) को तालिम संचालन गर्ने भनि वडा समितिको निर्णय भएको हुदाँ यसै सूचना साथ संलग्न Bill या Quantities (BOQ) बमोजिमको ड्राइभिङ तालिम प्रति विद्यार्थी के कतिमा गर्न सकिन्छ ? भन्ने विवरण खुलाई तपशिल बमोजिम हुने गरी प्रस्ताव पेश गर्नुहुन यस प्रकृतिका कार्य गर्न इजाजत प्राप्त गरी दमक नगरपालिकामा सूचीकृत भएका सबै फर्म कम्पनीहरुलाई अनुरोध गरिन्छ ।

सूचीकृत नभएका फर्म कम्पनीहरुले सूचीकृत हुने प्रक्रिया पूरा गरी प्रस्ताव पेश गर्न सक्नु हुनेछ ।

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः** २०८२/१२/२३ गते कार्यालय समय भित्र ।

**पेश गर्ने विधिः** कार्यालयमा उपस्थित भएर

**दरभाउपत्र साथ संलग्न राख्नुपर्ने कागजातहरूः**
- यस नगरपालिकामा सूचीकृत भएको निस्सा प्रमाण
- कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी
- कर चुक्ता प्रमाणपत्र प्रतिलिपि
- अन्य आवश्यक संस्थाको कागजपत्रहरु

*थप जानकारीका लागि वडा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ ।*

योगेश भट्टराई -वडा सचिव

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com